# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

मिति:२०८०।०७।२०

प.सं. २०८०।०८१(पञ्जीकरण)

च.नं. २३४

विषय: आवश्यक कार्यार्थ।

श्री वडा कार्यालय (१-२९) सबै,
भरतपुर महानगरपालिका,
भरतपुर, चितवन

प्रस्तुत विषयमा गृह मन्त्रालय,राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. ०८०/०८१ च.नं२४३ मिति २०८०/०७/१९को **लाभग्राहीहरुको विवरण शुद्दिकरण सम्बन्धी** परिपत्रको छायाँ प्रति यसैपत्र साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ।

बोधार्थ:
सुचना तथा सञ्चार प्रविधि शाखा,भरतपुर महानगरपालिका: वेबसाईट मार्फत सूचना सम्प्रेषण गरिदिनुहुन।

२०८०।७।२०
..........................
(शान्ता कुमारी पौडेल)
निर्देशक
निर्देशक (अधिकृतस्तर दशौं)


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. २८६
दर्ता मिति: २०८०।६।२०

**नेपाल सरकार**

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०८०/०८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- २८२

२०८०/०७/१९
मिति:

विषय:- लाभग्राहीहरुको विवरण शुद्दिकरण सम्बन्धमा ।

श्री स्थानीय तह सबै ।

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ वमोजिक तहाँ मार्फत भैरहेको सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई सरल, सहज, वैज्ञानिक, पारदर्शी र जवाफदेही बनाउन यस विभागबाट Vital Event Registration and Social Protection (VERSP) प्रणालीको विकास र सञ्चालन भैरहेको व्यहोरा विदितै छ ।उक्त प्रणालीलाई थप प्रभावकारी बनाउन महालेखा नियन्त्रक कार्यालय र विभिन्न बैक तथा वित्तीय संस्थाहरु संग अन्तरआवद्दता गरिएको छ । निकट भविष्यमा राष्ट्रिय परिचयपत्र प्रणाली लगायतका प्रणालीहरुसँग अन्तरआवद्दता गर्दै लगिने योजना रहेको छ । प्रणाली सञ्चालनको क्रममा कतिपय स्थानीय तहबाट लाभग्राहीको विवरण प्रविष्ट र अध्यावधिक गर्दा विभिन्न प्रकृतिको त्रुटी हुने गरेको पाईएकोले देहाय अनुसार लाभग्राहीको विवरण अध्यावधिक/शुद्दिकरण गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

देहाय:

१. लाभग्राहीको विवरण प्रणालीमा प्रविष्ट गर्ने क्रममा कतिपय लाभग्राहीको साना तिना विवरण फरक पारी एकै व्यक्तिलाई फरक-फरक लाभग्राहीको रुपमा प्रविष्ट गरेको समेत पाईएको छ ।त्यस्तो कार्य ऐनको दफा २१ को उपदफा (१) को खण्ड (घ) वमोजिमको कसुर हुने भएको र संलग्नहरु जिम्मेवार र जवाफदेही हुनुपर्ने बिषयलाई ध्यानमा राखी त्यस्तो कार्य नगर्न नगराउन र भए गरेको भएमा अविलम्ब विवरण अध्यावधिक गर्न गराउन,
२. कतिपय मृत्यू भएका, बसाई सरी अन्यत्र गएका वा अन्य कारणले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको समयमै लगत कट्टा गर्नु पर्नेमा त्यसो नगरी लामो समयसम्म भत्ता वितरण भैरहेको देखिन्छ। त्यस्ता लाभग्राहीको तत्काल लगत कट्टा गरी भुक्तान भएको भत्ता रकम ऐनको दफा २१ को उपदफा (२) वमोजिक रकम असुल उपर गर्न गराउन,
३. कुनै एक स्थानीय तहमा लाभग्राही रहेका कतिपय व्यक्तिले बसाई सराईको नक्कली कागजात बनाई अर्को स्थानीय तहमा समेत लाभग्राही भएको देखिएकोले बसाई सराईको हकमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा २० वमोजिम लाभग्राहीको लगत हस्तान्तरण फारामका आधारमा मात्र लाभग्राही कायम गर्न गराउन,
४. १६ बर्ष भन्दा माथिको व्यक्तिलाई अब उप्रान्त नयाँ लाभग्राहीको रुपमा प्रणालीमा विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचयपत्र नम्बर लाई अनिवार्य गर्न गराउन,
५. हाल कायम रहेका लाभग्राहीहरुका उपलब्ध भए सम्म राष्ट्रिय परिचयपत्र नम्बर संकलन गरी प्रणालीमा अध्यावधिक गर्दै जाने,
६. नयाँ लाभग्राहीहरुको हक्मा सम्बन्धित वडाको सामाजिक सुरक्षा भत्ता वितरणका लागि सम्झौता भएको बैंक तथा वित्तीय संस्थामा खोलेको बैंक खाता नम्बर अनिवार्य रुपमा प्रणालीमा प्रविष्ट गर्ने ।

६।१९

(जुना खड्का क्षत्री )
शाखा अधिकृत

श्री सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा
सबै वडाहरुलाई पत्राचार गर्नु ।
०८०।६।२०

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np